का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २७२
- १० मंसिर २०७८, शुक्रबार
- 26 November 2021, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## एमाले महासंग्राम आजदेखि




मुलुकको सवैभन्दा ठूलो दल नेकपा एमालेको १० औं महाधिवेशन आजदेखि चितवनमा शुरु हुँदैछ । नेतृत्व चयनमा केन्द्रीत यो महाधिवेशनमा एमालेले पाँच लाख जनसहभागिता गराउने दावी गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
चितवन, ९ मंसिर

नेकपा एमालेको १०औं राष्ट्रिय महाधिवेशन आज उद्घाटन हुँदैछ । चितवनको नारायणी किनारमा उद्घाटन हुने महाधिवेशनमा एमालेले पाँच लाख मानिस उतार्ने तयारी गरेका छन् । बागमती, लुम्बिनी, गण्डकी र प्रदेश २ का जिल्लाहरुबाट एमालेले ठूलो संख्यामा समर्थकहरुलाई चितवन ल्याएका छन् ।

महाधिवेशनमा सहभागी गराउन सार्वजनिक तथा निजी सवारी साधन प्रयोग गरेको छ । नीजि सवारी नभएकाहरुलाई सार्वजनिक सवारी रिजर्ब नै गरेर समर्थकहरु चितवन ल्याएका छन् । अध्यक्ष सहित शीष नेताहरु चितवन पुगेका छन् । मूल आयोजक समिति र अन्य समितिका नेताहरु भने केही दिन अगाडि नै चितवन पुगेका थिए । बिहीबार दिउँसो पत्रकार सम्मेलन गरी प्रचार विभाग प्रमुख योगेश भट्टराईले तयारी पूरा भएको बताएका छन् ।

तर मञ्च निर्माण सहित सजावट तथा अन्य प्रबन्ध बिहीबार साँझसम्मै चलेको छ । एकसिंगे गैडाको मस्कटले कम्युनिष्ट पार्टीको झण्डा उचालेको लोगो तयार पारी महाधिवेशनको उद्घाटन मञ्च तयार पारिएको छ । महाधिवेशन परिसरमा समेत गैडाको मस्कट, कम्युनिष्टको झण्डा, चुनाव चिन्ह सूर्य र जनताको बहुदलीय जनवादको ब्यानर राखिएको छ । यो महाधिवेशनमा पाँच हजार स्वयम् सेवक परिचालित हुने एमालेले जनाएको छ । व्यवस्थापकीय तयारी पूरा गरिसकेको एमाले नेताहरुमा नेतृत्व चयन प्रक्रियाबारे भने नेताहरु प्रष्ट देखिएका छैनन् ।

नेताहरु छलफलमै रहेपनि नेतृत्व चयन प्रक्रिया प्रष्ट हुन बाँकी पृष्ठ २ मा

### न्यायालय विवाद

## प्रधानमन्त्रीले लिए अग्रसरता



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ मंसिर

प्रधानमन्त्री शेरबहादुर देउवाले विगत एक महिनादेखि प्रधानन्यायाधीविरुद्ध आन्दोलनरत कानून व्यवसायीहरुलाई छलफलमा बोलएका छन् । प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको राजीनामा माग गर्दै निरन्तर आन्दोलन भएको एक महिनापछि प्रधानमन्त्री देउवाले सो विषयमा चासो देखाएका हुन् ।

प्रधानमन्त्री देउवाले कानुन व्यवसायीलाई भेटघाटका लागि शुक्रबार बिहान १० बजेका लागि बोलाएका छन् । नेपाल बार एसोसिएसनले छलफलका लागि समय मागेपछि प्रधानमन्त्री देउवाले कानून व्यवसायीहरुलाई बोलाएका हुन् । छलफलमा नेपाल बारसहित सर्वोच्च बारका पदाधिकारीहरु सहभागी हुने बताइएको छ ।

> प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको राजीनामा माग गर्दै निरन्तर आन्दोलन भएको एक महिनापछि प्रधानमन्त्री देउवाले न्यायालय विवादमा चासो देखाएका छन् । शुक्रबार कानून व्यवसायीहरुसँग प्रधानमन्त्री देउवाले छलफल गर्ने तयारी गरेका छन् ।

नेपाल बार र सर्वोच्च बारका पदाधिकारीहरुले प्रधानमन्त्री देउवालाई प्रधानन्यायाधीश जबरालाई पदमुक्त गर्नुपर्ने भन्दै छलफलका लागि समय दिन आग्रह गरेका थिए । सोही अनुसार थप छलफलका लागि बाँकी पृष्ठ २ मा

### बालुवाटार न्याय मार्च

प्रधानन्यायाधीश जबराको राजीनामा माग गर्दै नेपाल बार एसोसिएसनले सर्वोच्च अदालतदेखि बालुवाटारसम्म मार्चपास गरेको छ । न्यायपालिकाको विकृति, विसंगति, भ्रष्टाचारविरुद्ध भनी निरन्तर आन्दोलन गरीरहेको नेपाल बार एसोसिएसनको नेतृत्वमा बिहीवार सर्वोच्च अदालत परिसरदेखि बालुवाटारसम्म 'बालुवाटार न्याय मार्च' गरिएको हो । न्याय मार्चमा नेपाल पत्रकार महासंघ, बृहत नागरिक आन्दोलन, नेपाल शिक्षक महासंघ, आदिवासी, जनजाति महासंघ, नेपाल इञ्जीनियर्स एसोसिएसन लगायतको सहभागिता रहेको थियो । मार्चपासमा न्यायालय बाँकी पृष्ठ २ मा

## नेपाल विकासशील राष्ट्रको यात्रामा

संयुक्त राष्ट्रसंघबाट प्रस्ताव अनुमोदनसँगै नेपाल पाँच वर्ष अर्थात् सन् २०२६ मा विकाशशील मुलुकको सूचीमा पर्नेछ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ मंसिर

संयुक्त राष्ट्रसंघीय महासभाले नेपाललाई विकासशील मुलुकको सूचीमा स्तरोन्नति गर्नेसम्बन्धी प्रस्ताव अनुमोदन गरेको छ । न्यूयोर्कमा बिहीबार आयोजित राष्ट्रसंघीय महासभाको ७६ औं सत्रको ४० औं बैठकले नेपाललाई अति कम विकसित मुलुकको सूचीबाट विकाशशील मुलुकको सूचीमा स्तरोन्नती गर्नेसंबन्धी प्रस्ताव अनुमोदन गरेको हो ।

विकाशशील मुलुकको सूचीमा स्तरोन्नति गर्नेसम्बन्धी प्रस्ताव राष्ट्रसंघीय महासभाबाट सर्वसम्मतीले अनुमोदन भएको संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोगले जनाएको छ । बैठकले आर्थिक तथा सामाजिक परिषद् अर्न्तगतको विकास नीतिसम्बन्धि समितिलाई सन् २०२४ भित्र नेपाललाई विकाशशील मुलुकको सूचीमा स्तरोन्नतीबारे केही पुर्नविचार गर्नुपर्ने भए त्यसबारे निर्णय लिन कार्यादेश समेत दिएको छ ।

प्रस्ताव अनुमोदनसँगै नेपाल पाँच वर्ष अर्थात् सन् २०२६ मा विकाशशील मुलुकको सूचीमा पर्नेछ । राष्ट्रसंघले पाँच वर्षको अवधिलाई संक्रमणकालीन अवधि मानेको छ । सन् बाँकी पृष्ठ २ मा

## रोमानियाको भिसा आवेदन सहज गरिदिन श्रममन्त्रीको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले रोजगारीका लागि रोमानिया जान चाहने नेपालीहरुले नेपालबाटै भिसा आवेदन गर्ने व्यवस्था गर्न आग्रह गरेका छन् ।

वैदेशिक रोजगारीका लागि रोमानिया जाने नेपाली कामदारको भिसा प्रक्रियाका लागि हाल भारतको राजधानी नयाँ दिल्ली जानुपर्ने बाध्यता रहेको छ । भिसा प्रक्रियाका लागि लामो समय नयाँदिल्लीमा बस्नुपर्दा लागतसमेत अनावश्यक रूपमा बढ्ने गरेको छ ।

बिहीबार शिष्टाचार भेटमा आएका नेपालका लागि रोमानियाका नवनियुक्त राजदूत डेनियला सेजोनोभ टेनसँगको कुराकानीमा मन्त्री श्रेष्ठले उक्त आग्रह गरेको मन्त्री श्रेष्ठको निजी सचिवालयले



### वैदेशिक रोजगार विशेष

जनाएको छ ।

मन्त्रालयमा भएको भेटवार्तामा नेपाल-रोमानियाबीचको आपसी सम्बन्ध र दुई पक्षीय चासोका साथै रोजगारीका लागि रोमानिया जान चाहने नेपालीहरुले भिसा प्रक्रियाका बारेमा छलफल भएको थियो ।

पछिल्लो पाँच वर्षमा नेपालबाट ७ हजार ६ सय १८ जना रोमानिया गएका छन् । रोमानियाका लागि गत असोज महिनामा २ सय ९ जना र कात्तिकमा २ सय ५० जनाको श्रम स्विकृति भएको छ ।

मन्त्री श्रेष्ठले नेपालबाट रोमानिया जाने नेपालीको संख्या बढिरहेको भन्दै रोमानियाको रोजगारीप्रति नेपालीको चासो बढेको बताएका थिए । नेपालले रोमानियासँग श्रम सम्झौता गर्न चाहेको र नेपालले पठाएको श्रम सम्झौताको मस्यौदामा रोमानिया सरकारले सकारात्मक प्रतिक्रिया जनाएकोमा धन्यवाद व्यक्त गर्दै मन्त्री श्रेष्ठले नेपाल रोमानियासँग आपसी समझदारीमा काम गर्न ईच्छुक रहेको जानकारी दिएका थिए ।

नेपाल र रोमानियाबीच सन् १९६८ मा द्विपक्षीय कुटनीतिक सम्बन्ध स्थापना भएको थियो ।

रोमानियामा नेपालीहरूले कृषि, सेवा क्षेत्र तथा उद्योगमा आकर्षक तलबसहित रोजगारी गरिरहेका छन् । मानवअधिकारको उच्च सम्मान हुने उक्त मुलुकमा नेपालीका लागि धेरै माग रहेको तर डिमाण्ड प्रमाणीकरणमा बाँकी पृष्ठ २ मा

**UAE मा रोजगारको अवसर** | कम्पनी: HARBOUR INN CLUB JAFZA (INTERCAT CATERING)
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६६५ LT. No.: 250774 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 50 | 30 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 100 | 0 | | 900 | २९,०९७ | | | | | | | |
| 3. | Cook | 20 | 0 | | 1200 | ३८,७९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १३ र १४ गते (29, 30 November 2021) मा हुनेछ ।
अन्तर्वार्ता विर्तामोड, झापामा २०७८ मंसिर १५ गते (1 December 2021) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १६ गते (2 December 2021) मा हुनेछ ।

यसै कम्पनीका लागि F&B Supervisor, Chapati Maker, Baker/Bakery, Office Boy, Watchman को पनि माग भई आएकोले नि:शुल्क परामर्श कोला गि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068

**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal
Tel: +977- 014542232, Fax: +977-1- 4442285
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np
Contact No: 9801049210,9801049208,9801049209,9801049211,9801049212

# कोभिडबाट अभिभावक गुमाएका बालबालिकालाई प्रदेश सरकारको सहयोग

**मध्यान्ह संवाददाता**
पोखरा, ९ मंसिर

गण्डकी प्रदेश सरकारले प्रदेशलाई सडक आश्रित सहयोगापेक्षी मानवमुक्त घोषणा गरिएको छ । प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बिहीबार आयोजित विषेश समारोहबीच प्रदेशलाई सडक मानवमुक्त घोषणा गरेका हुन् ।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले पोखरामा संयुक्त कार्यक्रम गरी कोभिडबाट अभिभावक गुमाएका बालबालिकाको अध्ययनका लागि राहत वितरण समेत सुरु गरिएको छ । लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान पनि बिहीबारै सुरु गरिएको छ। नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मलाई १६ दिने अभियानका रुपमा विश्वभर मनाइन्छ। यो वर्ष नेपालको नारा 'घरबाटै सुरु गरौं, महिला हिंसा अन्त्य गरौं' छ ।

प्रदेश सरकारको अभिभावकत्वमा ११ वटै जिल्लाका प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ८५ वटै पालिकाका तथा मानव सेवा आश्रमको सहकार्यमा सडक आश्रित सहयोगापेक्षी मानवमुक्त गण्डकी प्रदेश घोषणा गरिएको हो ।

कार्यक्रममा मुख्यमन्त्री पोखरेलले प्रदेश सरकार भौतिक विकास मात्र नभई सामाजिक विकासका क्षेत्रमा समेत क्रियाशील रहेको बताए ।पर्यटकीय नगरी पोखरामा सडकमा आश्रित मानवका कारण नकारात्मक सन्देश गइरहेको र अभिभावकविहीनलाई संरक्षण गर्ने दायित्व प्रदेश सरकारको रहेको बताए। उनले भने, 'हामी बाटोघाटो पनि बनाउँछौं, त्यसका अतिरिक्त सामाजिक क्षेत्रको विकासलाई पनि प्राथमिकतामा राखेका छौं ।'

सडक मानव व्यवस्थापनका लागि सरकारले मानव सेवा आश्रमसँग सम्झौता भएको छ । यसका लागि प्रदेश सरकारले आश्रमका रहेकालाई प्रतिव्यक्ति मासिक ३ हजार रुपैयाँ उपलब्ध गराउनेछ । अहिले मानव सेवा आश्रमले गण्डकीका ४ जिल्लामा सेवा सञ्चालन गर्दै आएको छ। ती केन्द्रमा करिब ४ सय जना छन्। मुख्यमन्त्री पोखरेलले यो केबल सुरुआत भएकाले यसलाई सफल बनाउन सम्पूर्ण प्रदेशवासीको सहयोग जरुरी रहेको भनाइ राखे । उनले भने, 'हामीले दिएको यो रकमले सबै खर्च पुग्छ भन्ने होइन, पवित्र काममा सरकारसँगै छ है भन्नका लागि पनि हामीले सम्झौता गरेका हौं ।'



**अभिभावक गुमाएका बालबालिकालाई रकम हस्तान्तरण**

गण्डकी प्रदेश सरकारले कोभिडबाट अभिभावक गुमाएका बालबालिकालाई अध्ययनका लागि मासिक ५ हजार रुपैयाँ हस्तान्तरण गरेको छ । बिहीबार शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयले पोखरामा संयुक्त कार्यक्रम गरी रकम हस्तान्तरण गरेको हो। कार्यक्रमको सुरुआत मुख्यमन्त्री पोखरेलले गरे ।

कोभिड १९ महामारीका कारण अभिभावक गुमाएका बालबालिकाको अध्ययन अध्यापनका लागि मासिक ५ हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था सरकारले चालु वर्षको बजेटमै गरेको थियो । सामाजिक विकास मन्त्रालयले कार्यविधि बनाएर बालबालिकको तथ्यांक संकलन गरी कागजात पुगेहरुलाई बिहीबार रकम हस्तान्तरण गरिएको हो ।

बिहीबार ३९ जना मृतकका ६० जना बालबालिकालाई पहिलो चरणको राहत वितरण गरिएको मन्त्री मेखलाल श्रेष्ठले बताए । मन्त्रालयमा १ सय १७ जनाको नाम प्राप्त भएकामा ८ जनाको १८ वर्ष उमेर पुगेको र बाँकी १ सय ६२ मध्ये १ सय २ वटा निवेदनहरुको मापदण्ड बमोजिम कागजात पूरा हुन बाँकी छ । उनीहरुसँग बाँकी कागजात माग गरिसकिएको र त्यसपछि उनीहरुलाई पनि राहत रकम प्रदान गरिने मन्त्री श्रेष्ठले जानकारी दिए । पहिलो किस्ता अन्तर्गत कात्तिक मसान्तसम्मका लागि ११ लाख ५ हजार रुपैयाँ निकासा भएको मन्त्रालयका सचिव विनोदबहादुर कुँवरले बताए ।

**"प्रदेश सरकारले देखिने गरी काम गरेको छ"**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सरकारले नागरिकले महसुस गर्ने गरी काम गर्दै आएको भनाइ राखे । सरकारमा आएको ५ महिनाको अवधिमा कुनै बाटो बन्ने पुल बन्ने काम हुन नसके पनि सामाजिक क्षेत्रमा महत्वपूर्ण काम गरेको भनाइ राखे । यसै अभियान अन्तर्गत कोभिडले अभिभावक गुमाएका बालबालिकालाई राहत प्रदान गरिएको भनाइ उनको थियो । मुख्यमन्त्रीले भने, 'हामी बालबालिकाका अभिभावक त दिन सक्दैनौं, तर ती बालबालिकालाई हामी अभिभावकत्व त दिन सक्छौं नि भनेर यो काम थालेका हौं ।'

कोभिडबाट ज्यान गुमाएका व्यक्तिका परिवारलाई प्रतिव्यक्ति ५० हजार रुपैयाँ प्रदान गर्ने कार्यविधि पनि तयार भइसकेको र छिटै नै रकम हस्तान्तरण गरिने मुख्यमन्त्रीले बताए । बजेट र नीति तथा कार्यक्रममा उल्लेख गरिएका सबै प्रतिबद्धता पूरा गर्न अधिकांश कार्यविधि बनिसकेको भन्दै उनले अब धमाधम बजेट कार्यान्वयनमा जाने उल्लेख गरे ।

कठीन परिस्थितिमा सरकार बनेको र छोटो अवधिमा बजेट ल्याउनु परेको भन्दै उनले विगतका सरकारले दायित्व सिर्जना गरेर छाडेका योजनाले नै नयाँ योजना ल्याउन नसकेको उनले बताए। मुख्यमन्त्री पोखरेलले भने, 'अहिले हाम्रो नेतृत्वको सरकारले ल्याएको ठूलो योजना भनेको डेढगाउँ-भ्यालवास सडक हो, उत्तरबाट दक्षिण छिचोल्ने बाटोको टुंगो बल्ल लागेको छ ।'

प्रदेश सरकारले गाडीमा अनावश्यक खर्च गरेको सवालमा उनले सरकारले पूर्णरुपमा मितव्ययिता अपनाएको दाबी गरे । अहिले गठबन्धनको सरकार बनेको बेलामा मन्त्रालय थपिएको र प्रति मन्त्रालय एउटा गाडी दिँदैमा अनावश्यक खर्च गऱ्यो भनेर भन्न नमिल्ने उनको भनाइ थियो । मुख्यमन्त्रीले भने, 'तपाईंहरुले सूचनाको हक सम्बन्धी अधिकार प्रयोग गर्न सक्नुहुन्छ, हामीले के र कसरी दुरुपयोग गरेका छौं, त्यो देखिइहाल्छ नि ।'

कार्यक्रममा सभामुख नेत्रनाथ अधिकारीले सामाजिक विकासका क्षेत्रमा प्रदेश सरकारले चालेका कदमको प्रशंसा गरे ।

शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले मानिस जिवित रहँदै उनको स्याहार सुसार र उपचार हुनुपर्ने भन्ने सामाजिक मान्यताबाट प्रेरित भएर प्रदेश सरकारले काम गर्दै आएको भनाइ राखे । कोभिडले अभिभावक गुमाएका बालबालिकाको शिक्षाको दायित्व सरकारले दिनकै लागि मासिक ५ हजार रुपैयाँ प्रदान गरेको उनको भनाइ थियो । यसैगरी प्रदेशका हरेक घर लैंगिक हिंसामुक्त बनाउनका लागि नागरिकस्तरबाटै पहल हुने र त्यसमा सरकारको साथ रहने प्रतिबद्धता उनले जनाए ।

## कलेजलाई नीजिकरण गर्न खोजिएको भन्दै धर्ना

**भक्तपुर/मस**–नेपाल इन्जिनियरिङ कलेज चाँगुनारायण दुवाकोटका विद्यार्थीहरुले जिल्ला अदालत भक्तपुरमा धर्ना दिएका छन् । कलेजका तत्कालिन अध्यक्ष लम्वोदर न्यौपानेले कलेजविरुद्ध ठगी गरेको र उनलाई नबचाउन चेतावनीसहित विद्यार्थीहरुले अदालत अगाडि दिनभर धर्ना दिएका हुन् । तत्कालिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वआयुक्त राजनारायण पाठकलाई प्रभावमा पारी कलेज निजिकरण गर्न ७८ लाख रुपैयाँ घुस दिएको आरोपमा लम्वोदरले बराबर रकम धरौटी राखी त्यो बेला जेल जानबाट जोगिएका थिए ।

तीन सयको हाराहारीमा आएका विद्यार्थीले अदालत अगाडि विभिन्न नारा लेखिएका प्लेकार्ड बोकेर नाराबाजी गरेका थिए । बिहीबार बिहान ११ बजेबाट धर्ना बसेका उनीहरु साँझसम्म पनि धर्नामै थिए । ठगलाई कुनै हालतमा पनि उन्मुक्ति दिनुहुन्नभन्दै कारबाहीको मागगरी धर्ना बसेका थिए । धर्नामा विभिन्न राजनीतिक दल निकटका विद्यार्थी संगठनका नेताहरु, स्थानीय तथा कलेजका अविभावकहरुले सहभागीता जनाएका थिए । कलेजका तत्कालिन अध्यक्ष न्यौपानेले मुनाफारहित कलेजलाई नाफामूलक कलेज बनाउने गरि कलेजको सम्पत्ति आफ्नो एकल नाममा पार्ने दुष्प्रयास गरेकोले अधिकार क्षेत्र मिचेर कलेजको सम्पत्ति ठगी गरेको आरोपमा बिहीबार जिल्ला अदालत भक्तपुरमा परेको मुद्दाको सुनुवाई भएको थियो ।



केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईवी) ले दायर गरेको सरकारवादी मुद्दामा बहस भएको थियो ।

अदालतकोसमेत मिलेमतोमा ठगलाई उन्मुक्ति दिने षड्यन्त्र नहोस् भन्ने हेतुले सचेत पार्न विद्यार्थीहरु अदालत अगाडि धर्नामा बसेका थिए । बिहीबारको सुनुवाई हेर्दाहेर्दैमा टुंगिएको छ । मुद्दामा आइतबार पुनः बहस हुने बताइएको छ ।

मुनाफारहित संस्थाको रुपमा जिल्ला प्रशासन कार्यालय भक्तपुरमा दर्ता भएका कलेजका कागजपत्रहरु जिल्ला प्रशासन कार्यालय भक्तपुरबाटसमेत लुकाई गायव गरी नीजि गर्ने प्रयास भइरहेको आरोप लगाइएको छ । जिल्ला प्रशासन कार्यालय भक्तपुरमा दर्ता गरिएको कागजपत्रहरु प्रशासनबाट गायव गरे पनि दर्ताको सक्कली प्रमाणपत्र कलेजसँग सुरक्षित रहेको कलेजका प्रमुख प्रा.डा हरिकृष्ण श्रेष्ठले बताए ।

## 'सञ्चार तथा बाह्य पहुँच रणनीति' तर्जुमा

**काठमाडौं/मस**–राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफूले निर्धारण गरेको ढाँचा, सिफारिस, आधार, सुझाव र अध्ययनका निष्कर्षबारे सरोकारवालाबीच समान बुझाइ हुने गरी छिटो तथा प्रभावकारी ढंगले सञ्चार गर्न 'सञ्चार तथा बाह्य पहुँच रणनीति' तयार गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने, प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानका सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने रणनीतिको ध्येय हो । साथै प्रदेश सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने मुख्य संवैधानिक दायित्व बोकेको आयोगले आफ्ना सिफारिस, आधार र सुझावलाई व्यवस्थित तथा प्रभावकारीरुपमा सरोकारवालासँग पुऱ्याउने ध्येयका साथ रणनीति तर्जुमा गरिएको हो । आयोगले आफ्ना कामकारबाहीलाई प्रभावकारीरुपमा सम्पादन गर्ने उद्देश्यका साथ उपयुक्त, सामयिक र प्रभावकारी सञ्चार व्यवस्थापनलाई समग्र वित्तीय संघीयताको महत्वपूर्ण अंगका रुपमा लिँदै सञ्चार तथा बाह्य पहुँच रणनीति तयार गरेको हो। आयोगले आज एक कार्यक्रमको आयोजना गरी रणनीतिका सम्बन्धमा सरोकारवालासँग छलफल गरेको छ। छलफलका क्रममा आयोगका अध्यक्ष बालानन्द शर्माले सरोकारवाला र लक्षित वर्गसम्म सूचनाको पहुँच पुऱ्याउन सञ्चार रणनीति तयार गरिएको बताए । तीन तहका सरकारबीचको सञ्चार समन्वयमा केही अप्ठ्यारो देखिएको बताउँदै उहाँले सञ्चार रणनीतिले संघ, प्रदेश र स्थानीय तहबीचको सञ्चारलाई प्रभावकारी बनाउने विश्वास व्यक्त गरे । आयोगका सचिव गोकर्णमणि दुवाडीले आयोगले गरेका कामकारबाहीलाई व्यवस्थित र प्रभावकारीरुपमा सरोकारवालासँग पुऱ्याउन रणनीति बनाइएको बताए। उनले बढीभन्दा बढी सरोकारवाला निकायसम्म सूचनाको पहुँच पुऱ्याउन सकिएमा त्यसबाट लक्षित वर्ग लाभान्वित हुने बताए । विज्ञापन बोर्डका प्रतिनिधि दिनेश लुइँटेलले सूचना प्रवाहमा पदसोपानका कारण ढिलाइ हुने गरेको उल्लेख गर्दै आयोगले तर्जुमा गरेको रणनीतिले सूचना प्रवाहीकरणमा सहजीकरण गर्नुपर्ने बताए । प्रेस काउन्सिल नेपालका सहप्रशासकीय अधिकृत रामप्रसाद पोखरेलले सञ्चार रणनीतिलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिए ।



रणनीतिमा विभिन्न सरोकारवालासँग सञ्चार गर्ने प्रयोजनका लागि साझेदार/सरोकारवालाको वर्गीकरण गरिएको छ । राष्ट्रपतिको कार्यालय, प्रदेश प्रमुखको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थमन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय, प्रदेश सरकार र स्थानीय सरकार लगायतलाई मुख्य सरोकारवाला मानिएको छ ।

### एमाले....

सकेको छैन । केही नेताहरुले सहमतिको प्रयत्न गरिरहेपनि त्यसबारे प्रष्ट चित्र आउन सकेको छैन । अध्यक्ष ओलीसँग अध्यक्षमै प्रतिश्पर्धा गर्ने घोषणा उपाध्यक्ष भीम रावलले आइतबार नै गरेका थिए। यसबारे समेत कुनै छलफल हुने सकेको छैन । बरु उम्मेद्वारी घोषणा गर्ने नेताहरुको संख्या भने बढेको छ। महाधिवेशन उद्घाटन हुने अघिल्लो दिन अगाडि दर्जन बढी नेताहरुले उम्मेद्वारी घोषणा गरेका छन् । संसदीय दलका उपनेता सुवास नेम्वाङले बरिष्ठ उपाध्यक्षमा उम्मेद्वारी दिने घोषणा गरेका छन्। यसअघि यो पदमा महासचिव ईश्वर पोखरेल चयन हुने प्रचार गरिएको थियो । अन्य नेताहरुले कुन पदमा उम्मेद्वारी दिने भन्ने प्रष्ट नभनेपनि आन्तरिक तयारी अगाडि बढाएका छन्। सवैभन्दा धेरै उम्मेद्वारी सचिव पदमा देखिएको छ। महेश बस्नेत, शेरधन राई, कर्ण थापा, खगराज अधिकारी लगायतले सचिवमा उम्मेद्वारी दिने घोषणा गरेका छन् ।

### न्यायालय....

शुक्रबार प्रधानमन्त्री देउवा र दुबै बारका पदाधिकारीबारे छलफल हुनेछ ।

नेपाल बारका तर्फबाट छलफलमा बार पदाधिकारीसँगै वरिष्ठ अधिवक्ता दमननाथ ढुंगाना, बद्रीबहादुर कार्की, शम्भु थापा, हरिहर दाहाल, रमण श्रेष्ठ, प्रेमबहादुर खड्का पनि सामेल हुने बताइएको छ। त्यसैगरी नेपाल बार र सर्वोच्च बारका अध्यक्षका साथै केही पदाधिकारी पनि छलफलमा जाने बताइएको छ ।

छलफलका क्रममा नै कानून व्यवसायीहरुले प्रधानन्यायाधीश जबरालाई पदमुक्त गर्नुपर्ने १७ कारणसहितको ध्यानाकर्षण पत्र बुझाउने बताइएको छ। यसअघि कानून व्यवसायीहरुले संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुलाई ध्यानाकर्षण पत्र बुझाइसकेको छ। तर पनि सो विषयमा कुनै पनि राजनीतिक दलले स्पष्ट धारणा सार्वजनिक गरेका छैनन् । प्रधानन्यायाधीशविरुद्ध लामो समयदेखि आन्दोलन जारी रहेपनि राजनीतिक दलहरु मौन रहँदा सर्वोच्च अदालतको विवादले निकास पाएको छैन । अब भने प्रधानमन्त्रीसँग छलफल हुने भएपछि केही निकास निस्किने कानून व्यवसायीहरुको विश्वास छ । सत्तारुढ गठबन्धनले गठन गरेको समन्वय समितिको गत कात्तिक ३० गतेको बैठकले न्यायालयको विवादमा उचित निकास न्यायालयभित्रबाटै यथाशक्य दिनुपर्ने निर्णय गरेको थियो । तर उक्त निर्णयपछि पनि प्रधानन्यायाधीश जबराले पद नछोड्ने अडान लिएपछि प्रधानमन्त्री देउवाले अग्रसरता लिएको बुझिएको छ ।

### बालुवाटार....

कि अन्यायालय, संसद खोल चोलेन्द्रलाई महाअभियोग लगाउ, न्याय किनबेच बन्द गर, के संसदको काम सुतिरहने हो, निःशुल्क न्या जनताको अधिकार न्यायालय चाहान्छ लेखिएको प्लेकार्ड प्रदर्शन गरिएको थियो । मार्चपासमा स्वतन्त्र न्यायपालिका कायम गर, विधिको शासन कायम गर, सम्पूर्ण पेशाकर्मी एक हौं, भ्रष्ट प्रधानन्यायाधीश राजीनामा दे भनि नाराबाजी समेत गरिएको थियो । त्यसैगरी न्यायालयमा विकृति, विसंगति भएको विषयलाई समेट्दै संक्षिप्त चेतनामुलक सडक नाटक पनि प्रस्तुत गरिएको थियो ।

### नेपाल...

२०२६ सम्म नेपालले अति कम विकसित मुलुकको हैसियतमा प्राप्त गर्ने सबै सुविधा र सहायता पाइरहने बताइएको छ ।

फेब्रुअरीमा राष्ट्रसंघको विकास नीतिसम्बन्धी समितिले नेपाललाई स्तरोन्नती गर्न सिफारिस गरेको थियो । स्तरोन्नतीका आवश्यक मापदण्ड नेपालले सन् २०१५ मा नै पूरा गरिसकेको छ। बंगलादेश र लाओस पनि विकाशशील मुलुकमा स्तरोन्नती हुने सूचीमा परेका छन्।

उक्त अवसरलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग प्रमुख अमृत राईले नेपालले आगामी पाँच वर्षभित्र अर्थतन्त्रको संरचनागत परिवर्तनका लागि आफ्ना तर्फबाट सम्पूर्ण प्रक्रिया पूरा गर्न प्रतिबद्ध रहेको बताएका थिए ।

राईले अगाडि भने, 'नेपाल सरकारले स्तरोन्नतिसम्बन्धी रणनीति तर्जुमा समेत गरिसकेको छ, अब पाँच वर्षभित्र अर्थतन्त्रको संरचना तयार पारेर अन्तर्राष्ट्रिय समुदायमा देशको छवि उचो बनाउने अवसर हो ।'

राईले नेपाल स्तरोन्नतिका लागि गरेको मेहेनतलाई कार्यान्वयन तहमा पुऱ्याउन पाउँदा खुसी लागेको प्रतिक्रिया दिए । उनले भने, 'सन् २०२६ पछि थपिन सक्ने चुनौतीलाई सम्बोधन गर्नसमेत हामीहरूले आग्रह गरेका छौं, यसमा विकास साझेदार संस्थाहरूसँग छलफल गरेर एउटा निर्णयमा पुग्ने नै छौं ।'

### रोमानियाको...

समय लाग्ने वैदेशिक रोजगार व्यवसायीहरूले बताउने गरेका छन्। जवाफमा राजदूत डेनियलाले रोमानिया सरकार नेपालसँग सहकार्य गर्न तयार रहेको बताएको पनि मन्त्री श्रेष्ठको सचिवालयले जानकारी दिएको छ ।

## हुम्लामा औषधि अभाव

**हुम्ला/मस**–हुम्लाको सर्केगाड गाउँपालिका-८ स्थित राहदेव सामुदायिक स्वास्थ्य एकाइमा औषधि अभाव भएको छ । उक्त स्वास्थ्य संस्थामा करिब दुई महिनादेखि औषधि अभाव भएपछि राहदेव गाउँका स्थानीयवासी औषधोपचारबाट बञ्चित भएका छन् । 'गाउँमा मौसमी फ्लुका बिरामी बढेका छन् । तर स्वास्थ्य संस्थामा औषधि छैन', स्थानीयवासी मेगराज रोकायाले भने, 'यसप्रति सरोकारवाला निकायको समेत ध्यान गएको छैन ।' उनका अनुसार आफू बिरामी भएको करिब दुई हप्ता भइसक्यो, स्वास्थ्य संस्थामा जाँदा सामान्य औषधि नपाएर रित्तो हात घर फर्कन बाध्य भएको छु ।

यतिखेर राहदेवको सामुदायिक स्वास्थ्य संस्थामा ज्वरो आउने, टाउको दुख्ने, बान्ता लाग्ने, वाकवाकी हुनेलगायतका बिरामीको उपचारका लागि औषधि नभएपछि उक्त क्षेत्रका स्थानीयवासी करिब दुई घण्टा लगाएर सर्केगाड स्वास्थ्यचौकीमा धाउन बाध्य भएको रोकायाको भनाइ छ ।


**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/१०**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ३६१.१५ क्युफिट विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।

**वेसारेपाखा राँगेभिर सामुदायिक वन उपभोक्ता समूह, आँबुखैरेनी ६, तनहुँ**



**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७८/०८/१०**

निश्चल मिडिया एण्ड प्रेस प्रा. लि. को मिति २०७८/०७/१७ को विशेष साधारण सभाले कम्पनीको नाम परिवर्तन गर्ने सम्बन्धमा विषेश प्रस्ताव पारित गरी कम्पनीको नाम नेपाल ईन्फोटिक प्रा. लि. कायम गर्ने निर्णय गरेकोमा श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत मिति २०७८/०७/२५ को निर्णयबाट साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा उक्त नाम परिवर्तन गर्न स्विकृति प्रदान गरेको हुँदा उक्त निश्चल मिडिया एण्ड प्रेस प्रा. लि. नाम परिवर्तन भई **नेपाल ईन्फोटिक प्रा. लि.** कायम हुन गएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**अध्यक्ष**
**नेपाल ईन्फोटिक प्रा. लि.**
**निश्चल मिडिया एण्ड प्रेस प्रा. लि.(साविक)**



**UAE मा रोजगार** | कम्पनीः **C T T TECHNICAL AND CLEANING SERVICES L.L.C.**
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/०५ | चलानी नं.: ६०१६८६८२ | LT. No.: 251798

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 11 | 10 | स. काममा दक्ष | 800 | २५,८६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



**Tamakoshi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Japhe, Dolakha**

**Invitation for Electronic Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**First Date of Publication: 2078/08/10**

1. The Tamakoshi Rural Municipality invites electronic bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges .
2. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years.
   Name of the Bank: Laxmi Bank ltd,Tamakoshi branch,Dolkha
   Name of the Office: Tamakoshi Rural Municipality Office
   Internal revenue Account No. : 12703000142 Aantarik Rajaswo khata and Dharauti Khata No. 12703000023
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp, on or before **12:00 noon** on **2078/09/11** and Bids will be opened at 1PM on same day. For Further Information please Visit PPMO Website www.bolpatra.gov.np/egp

| Contract No. | Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|
| 06/TRM/NCB/Works/T.B/2078-079 | Fabrication of steel parts and Supply up to road head of Dholi Khola Gagreto Trail Bridge and Naikegaun Kharidhunga Truss Bridges. | 19,72,402.75 | 56,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

# फालिएका हाड र सिङबाट जिन्दगी कोर्ने लक्ष्मी

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ९ मंसिर

हामी प्रायः मानिसहरु विभिन्न जनावरका मासु खान्छौं । ती खेर गएका वस्तुहरु के गर्छन् भन्ने हामीलाई ख्याल पनि हुँदैन ।

ती खेर गएका बस्तुहरुको हामी वास्ता पनि गर्दैनौ । हामीलाई थाहा छ कि छालाबाट ज्याकेट, पेटी, जुत्ता, पर्स लगायतका सामान बन्छन् । तर खेर गएका हाड र सिङबाट विभिन्न आर्कषक सामग्रीहरु पनि बन्छन् । ती कुरा हामीलाई त्यति थाहा छैन । तीनै खेर गएका हाड, खुर र सिङको प्रयोग गरेर विभिन्न आर्कषक सामग्रीहरु बनाइन्छ ।

ती सामग्रीहरु हाम्रो दैनिक जीवनमा प्रयोगमा आइरहेका हुन्छन् । ती सामग्रीहरु वैदेशिक बजारमा पनि राम्रो मुल्यमा बिकी हुन्छन् । तीनै खेर गएका बस्तुहरुको सामग्री बनाउने अवधारणा बोकेर निरन्तर लागिरहने एक उद्यमी महिला हुन् लक्ष्मी शर्मा । उनको परिचय यति मात्र सिमित छैन् । उनी एसियाकै पहिलो तीन पाङ्ग्रे टेम्पो महिला चालक पनि हुन् । उनले विश्व किर्तिमानीका प्रमाणपत्रहरु पनि पाएकी छिन् ।

**भारतमा ६ महिने कोर्स**

एक दिन लक्ष्मीसहित अन्य केहीलाई भारतको उड क्राफ्टमा एक एनजीओले भ्रमणका लागि लग्यो । त्यही एनजीओमार्फत उनले भारतमा ६ महिने अब्जरभेसन कोर्स लिइन् । हस्तकलामा त्यहाँको मजदुर लगनशिल भएर काम गरेको उनले देखिन् । नेपाल आएपछि उनलाई पनि फ्याँकिएका जनावरका हड्डि र सिङको प्रयोग गरेर केही बनाउने सोच आयो । काठमाडौं टेक्नासाथ लक्ष्मीले वि.स २०४० सालमा 'ह्यान्डि क्राफ्ट' उद्योग शुरु गरिन् ।

करिब ८० हजार रूपैयाँ लगानीमा उनले आफ्नै नाममा उद्योग खोलिन् । उद्योगको नाम राखिन्, 'लक्ष्मी उड क्राफ्ट' । कालिगढ सबै उनले भारतबाट ल्याइन् । जो कालिगढ उनैलाई सिकाउने नै थिए ।

पाँच जना कालिगढको पाँच हजार भारतीय रुपैयाँ तिर्ने शर्तमा उनले कालिगढ ल्याइन् ।

टेम्पो बेचेको पैसा त्यही उद्योगमा लगानी गरिन् । केहि व्यक्तिहरुलाई विष्णुमती र बागमतीमा खेर फालिएका हाड र सिङ खोज्न लगाइन् । त्यसवापत प्रतिगोटाको एक रुपैयाँ दिने सर्त थियो । उनीहरुले हड्डि र हाड ल्याएर घरभित्र थुपारी दिन्थे । लक्ष्मी भन्छिन्, 'हाडको थुप्रो हुन्थ्यो । ती फोहर हाड र सिङ छुनै घिन लाग्ने खालका हुन्थे । घर मात्र होइन् । टोल पुरै गन्हाउथ्यो । त्यसलाई धोई पखाली घाममा मज्जाले सुकाएर फिनाईलहरु छर्केर सुकेपछि गन्ध नआउने भयो । र बल्ल काम शुरु भयो ।'

**सिङबाट टाँक**

लक्ष्मीले सिङका विभिन्न किसिमका टाँकहरु बनाउन थालिन् । हजारौं डिजाईनका टाँकहरु बने । विभिन्न साइजका कचौँराहरु बने । सजावटका विभिन्न सामानहरु बने । मानविय जीवनमा प्रयोगमा आउने विभिन्न सामान बने । ती सबै विदेशका विभिन्न स्थानमा निर्यात गरिन् । च्यानलहरु बनाउँदै गइन् । उनको उद्योगबाट उत्पादन भएका सामानमध्ये सबैभन्दा बढी बटन निर्यात भए । लक्ष्मीको उद्योगबाट उत्पादन भएका बटन जापान, अमेरिका, अस्ट्रेलिया, जर्मन लगायतका मुलुकहरुमा निर्यात हुन थाले । उनी सफल उद्यमीको रूपमा चिनिन थालिन् ।

**उद्योगमा राजनीति छिर्दा**

कुनै समय ३ सय ७५ जनाले रोजगारी पाएका लक्ष्मीको उद्योगमा अहिले मुस्किलले २० जना कामदार पनि भेट्न गाह्रो छ । लक्ष्मी उड क्राफ्ट उद्योगमा जब ट्रेड युनियन लागू भयो । युनियन छिर्‍यो । तब उद्योग तहस नहस भयो । लक्ष्मी भन्छिन्, 'सोझासिँधा धेरैले रोजीरोटी गुमाए । रोजीरोटी गुमाएकालाई युनियनले पुनर्स्थापना गर्न सकेन । जो निरन्तर कामको सम्मान गरिरहे । त्यो आजसम्म टिकिरहेका छन् । जो मजदुरको नाममा बाहिरबाट आएर आन्दोलन गरे । अहिले उनी सरकारकै उच्च ओहादामा छन् ।'

मध्यान्हसँग कुरा गरिरहँदा लक्ष्मीको आँखाभरी आँसु छछल्किएको देखिन्थ्यो । उनको आँसु पावरवाला चस्माले छेक्न सकेन । आँखाबाट आँसु खस्दै गाला हुँदै चिउँडोसम्मै पुग्यो । लक्ष्मी भावुक भइन् । सेतो सलको सप्कोले आँसु पुछ्दै उनले भनिन्, 'ठिकै चलिरहेको उद्योगबाट एक करोड भन्दा माथिको घाटा बनाइदिए । त्यसको कारण २४ आना जग्गा र एउटा घर सस्तोमा बेच्नुपर्‍यो । १४ वर्ष मुद्दा खेप्नु पर्‍यो । त्यो घरमा ह्याण्डीक्राफ्ट स्टेट बनाउने सोचेको थिए । ती सपना साकार हुन सकेन ।'

लक्ष्मीले थपिन्,'मैले ती मजदुरहरुलाई आफ्नै पैसाबाट स्वाभलम्वी बनाउन तालिम दिई तालिमको भत्ता र खाजा, खाना दिई काम गराएको थिए । पछि मलाई यो अवस्थामा पुर्‍याउँछन् भन्ने सोचेको पनि थिइन् ।'

काम रोकिएपछि लक्ष्मीले मजदुरका माग पूरा गर्न सकिनन् । घाटै घाटा भयो । लक्ष्मी भन्छिन्, 'फेरि वाईसिएल नामको दादागिरी छिर्‍यो । ती माओवादीहरुले सय जना भन्दा बढी मानिस उठाएर ल्याएर कारखाना तहसनहस पारे । ७२ जना कामदारलाई वाईसिएल बनाए । काम छोड्न बाध्य बनाए । केहि रकम डुबाइदिए ।'

त्यसपछि लक्ष्मीको उद्योगमा अहिले राजनीति छिरेको छैन । उनी भन्छिन्, 'राजनीति गर्नेले काम गर्दैनन् । आफ्नो स्वार्थको लागि सोझा कामदारलाई उचाल्छन् । र आफ्नो स्वार्थ पूरा गरेपछि अरुको रोजीरोट खोसिन्छ । उनीहरुलाई आधार बनाएर राजनीति गर्नेहरु माथि उक्लिन्छन् ।'

तर काम निरन्तर गरिरहेकाले लक्ष्मीलाई पछिल्लो चरणमा केहि समस्या भएको छैन । अहिले जति मजदुरहरु उनको फ्याक्ट्रीमा छन् । उनीहरु खुसी छन् । यसैमा आफ्नो चित्त बुझेको लक्ष्मी बताउँछिन् । उमेरले लक्ष्मी अहिले ७३ वर्ष पुगिन् । उनमा उत्साह अझैं छ । तर कम्पनीमा भने त्यो उत्साह छैन । कामदारहरु घटाइएको छ । लक्ष्मी भन्छिन्, 'मेरो उद्योगलाई राजनीतिले खायो । ट्रेड युनियनले सखाप पार्‍यो । माओवादीले उद्योग तोडफोड गरिदिए ।'

**म्युजियम बनाउने योजना**

लक्ष्मी उड क्राफ्टमा बन्ने सामान काठ, राँगा, बाख्रा, भेडा, घरपालुवा जनावरका हाड तथा सिङबाट नै बन्छन् । अब उनी त्यो उद्योगलाई म्युजियम र लाइब्रेरी बनाउने योजनामा छिन् । केहि वर्षमा आफ्नो योजना सफल हुने लक्ष्मी बताउँछिन् ।



३५ वर्षको अनुभवमा लक्ष्मी उड एण्ड क्राफ्टले राम्रै गरिरहेको छ । यतिन्जेलसम्म क्राफ्टमा ६ सयजना मान्छे जोडिइसकेका छन् । कसैले आफैं सञ्चालन गरिरहेका छन् । यति लामो यात्रामा जोडिएका मान्छेबारे सुनाइ रहँदा लक्ष्मीको अनुहार उज्यालो देखिन्थ्यो । महिलाहरु पुरुषको साहारामा मात्र बाँच्छन् भन्नेहरुका लागि लक्ष्मी एक उदाहरणीय पात्र हुन् ।

यो अवस्थासम्म आइपुग्दा आफ्नै श्रम र सीपले चलाएको टेम्पोको भाँडा माग्दा पुरुषभन्दा महिलाबाटै गरिएका व्यवहार र शोषणका शब्दहरु लक्ष्मीको कानमा अहिले पनि गुन्जिरहेको हुन्छन् । आफुले दुःख भोगेकै कारण लक्ष्मीले आफ्नो कारखानामा काम गर्ने महिलाहरुका बच्चाहरुलाई आफ्नै बच्चाहरु झैं समान माया गरेर राख्दै आइरहेकी छिन् ।

उनले पेट पाल्नलाई बाल्यकालमा स्वर्गीय राजा त्रिभुवनकी छोरी बुनुको सुसारे देखि लिएर विदेशीको घरमा भाडा माझ्न पनि बाध्य भइन् । आफु कडा संघर्ष र मेहेनतले सफल भएको लक्ष्मी बताउँछिन् । अहिले उनी काठमाडौं एनिमल ट्रिट सेन्टर (क्याट)मा पनि आवद्ध छिन् । जहाँ भुस्याहा कुकुरलाई लगेर बन्ध्याकरण गरेर फेरि पुरानै ठाउँमा छोडिन्छ । त्यस्ता कुकुरलाई नगरपालिकाले व्यवस्थापनको जिम्मा लिनुपर्ने लक्ष्मी बताउँछिन् । क्याटका अध्यक्ष समेत रहेकी लक्ष्मीको घरमा २० भन्दा बढी कुकुरहरु पनि रहेका छन् । फ्याक्ट्रीको काम बाहेक लक्ष्मी दिनहुँ तीनै कुकुरकै स्याहार सुसार व्यस्त हुने गर्छिन् ।

# प्रदेश परियोजना कार्यदललाई अभिमुखीकरण

**ललन कुमार चौरसिया/मध्यान्ह**
धनुषा ९ मंसिर

राष्ट्रिय अपांग महासंघ नेपाल प्रदेश नं. २ का आयोजनामा प्रदेश परियोजना कार्यदलको अभिभुखिकरण कार्यक्रम बिहीबार सम्पन्न भएको छ ।

राष्ट्रिय अपांग महासंघ प्रदेश नं. २ मा सञ्चालन हुने 'हामीलाई पनि समावेश गर' परियोजनाको लक्ष्य, उद्देश्यले, परियोजना कार्यदलको भूमिका र जिम्मेवारी सम्वन्धी अवधारणा स्पष्टताका लागि सो कार्यक्रमको आयोजना गरिएका थिए ।

अपांगता व्यक्तिहरुको अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी (यूएनसीआरपीडी) ले प्रत्यायोजन गरेका अधिकारलाई घरेलुकरण गराउनका लागि 'हामीलाई पनि समावेश गर' परियोजना अन्तर्गत १० प्रकृतिका अपांगता भएका व्यक्तिहरुलाई समेटेर यस अघि नै ११ जनाको कार्यदल निर्माण भएको र उक्त गठन भएको कार्यदललाई अभिमुखिकरण गरिएको हो ।

राष्ट्रिय अपांग महासंघ नेपाल संघीय कार्यालयका परियोजना संयोजक विमल बस्नेतले यस परियोजनाले अपांगता भएका व्यक्तिहरुको न्यायमा पहुँच, पहुँचयुक्तता, सदस्य संस्थाहरुको क्षमता विकास र अपांगता भएका व्यक्तिहरुको खण्डिकृत तथ्यांक लगायतका सवाललाई महत्व दिएको बताए ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०८/११

यस कम्पनीको मिति २०७८/०७/०९ मा सम्पन्न बार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओम इन्टरटेक्मेन्ट प्रा.लि. (प्रा.लि. नं. ८६७६३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **करिअर टेक्निकल कलेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## साउदीमा रोजगार | कम्पनी: AL YAMAMA TRADING AND CONTRACTING
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७७७८ LT. No.: 250819 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 100 | 0 | स. काममा दक्ष | 1800 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान र मिति:
(क) मेनपावर कार्यालय, चप्पल कारखाना, काठमाडौंमा मिति: २०७८ मंसिर १७ गते (3 Dec. 2021)
(ख) सेन्टर प्वाइन्ट होटल, विर्तामोड-झापामा मिति: २०७८ मंसिर १९ गते (5 Dec. 2021)

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com



## बहराइनमा रोजगार | १. कम्पनी : STRONG FORCE MGC शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७८/०१/०२ चलानी नं.: ६०१५७४०० L.T. No.: 237682 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 22 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३१,४९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 170 | ५३,५३५ | | | | | | | |
| 3. | Carpenter | 8 | 0 | | 170 | ५३,५३५ | | | | | | | |
| 4. | Foreman | 2 | 0 | | 200 | ६२,९८४ | | | | | | | |

२. कम्पनी : INTERNATIONAL 360 SECURITY SERVICES WLL शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७८/०६/२२ चलानी नं.: ६०१६५०५४ L.T. No.: 247933 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 43 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४०,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 1 | 0 | | 180 | ५६,६८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Easy Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. १२६१/०७४/०७५
Basundhara-3, Kathmandu, Tel.: 01-4016539
Web.: easyoverseasnp.com



## साउदीमा रोजगार | १. कम्पनी: THAGRAH FOR SECURITY SYSTEMS
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७३७ L.T. No.: 251952

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electronic Technicaian | 1 | 0 | | 1500 | ४७,४७५ | | | | | | | |

२. कम्पनी: MOHAMMED SAAD MOHAMMED AL- DUHAIMI OIL CHANGE WORKSHOP शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७३८ L.T. No.: 251953

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubrication Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. १२/०६७/०६८
बसुन्धारा-९, धापासी, फोन: ४३८०७७८, ४३८०७७९, फ्याक्स: ४३६६३५८
Email: gnps925@gmail.com | URL: www.gnpsnepal.com



## कतारमा रोजगार | २. कम्पनी : ZULAL WELLNESS RESORT
शहर: QATAR

पुर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७२९ LT. No.: 251957

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 5900 | १,९२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com



## कुवेतमा रोजगारको अवसर | १. कम्पनी : AL AHLEA CIRCLE CLEANING CO
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७०२ L.T. No.: 251310

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ४७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 50 | 50 | | 85 | ३३,३१६ | | | | | | | |
| 3. | Stocker | 25 | 20 | | 120 | ४७,०३५ | | | | | | | |

२. कम्पनी : AL RUWAD ENVIRONMENTAL SERVICE CENTER शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७०० L.T. No.: 251769

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaners | 80 | 20 | स. काममा दक्ष | 85 | ३३,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १६ देखि २६ गते सम्म (2 to 12 Dec. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.न. १ को रु. १०,००० २ को नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुस७ग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SRK नेपाल प्रा. लि.**
Govt. Lic. No. 1156/073/074
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोन: ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३



## साउदीमा रोजगार | १. कम्पनी : LIBER'S CAFE' TO SERVE DRINK ( LPROZ COFFEE)
शहर: KSA

पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७३३ L.T. No.: 251702

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffe Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MUNIRA SALEH AMAZING RESTAURANT TO SERVE MEALS शहर: KSA
पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७३२ L.T. No.: 251703

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : ABDULLAH SAADOUN BIN HAMAD शहर: KSA
पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७३१ L.T. No.: 251705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maintenance Electrician | 1 | 0 | स. काममा दक्ष | 1300 | ४१,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : TASTE OF THE COOK COMPANY TO SERVE MEALS (MATHAQI) शहर: KSA
पूर्व स्वीकृत मिति: २०७८/०८/०९ चलानी नं.: ६०१६८७३४ L.T. No.: 251701

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Restaurant Worker | 1 | 0 | | 1000 | ३१,६५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Kankai Recruitment Suppliers Pvt. Ltd.**
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal Tel: 01-4954490
Mob:- 9851144845, Email: kankairecruitment4@gmail.com



## कतारमा रोजगार | कम्पनी: SMART SOLUTIONS SERVICES & SUPPLIES WLL
शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०८/०२ चलानी नं.: ६०१६७९२९ LT. No.:250699 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 2 | 0 | स. काममा दक्ष | 1300 | ४२,३९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डायना ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४०८/०६०/०६१
बाल कुमारी, ललितपुर, नेपाल
फोन नं: ०१-५१८६३८४/५१८६३८५/५१८६४२९/५१८६३२८

## सम्पादकीय

# चितवन चिनाउने अवसर

मुलुकको सवैभन्दा ठूलो दल नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशन चितवनमा शुरू हुँदैछ । आज उद्घाटन हुने महाधिवेशनका लागि अध्यक्ष केपी शर्मा ओली बिहीबार दिउँसो नै चितवन पुगेका छन् । शीर्ष नेताहरू चितवन पुग्ने क्रम जारी छ । कतिपय नेताहरू केही दिन अगाडि नै चितवन पुगेका छन् । प्रतिनिधिहरू पनि चितवन पुग्ने क्रम जारी छ । एमालेले यो महाधिवेशनमा पाँच लाख जनसहभागिता जुटाउने दावी गरेको छ । बागमती प्रदेश, गण्डकी, प्रदेश–२ र लुम्बिनीबाट धेरै जनसहभागिता जुटाउने एमालेको तयारी छ । शक्ति प्रदर्शनका रूपमा समेत हुने लागेको महाधिवेशनमा देशभरबाट एमाले कार्यकर्ता चितवन पुग्दैछन् । यो महाधिवेशनमा देशभित्रका राजनीतिक नेताहरू मात्रै सहभागी नभइ अन्य मुलुकहरूबाट समेत पाहुना बोलाइएको एमालेले जनाएको छ ।

यो महाधिवेशन मुलतः नेतृत्व चयनमा केन्द्रीत हुँदैछ । प्रतिनिधिसभाको सवैभन्दा ठूलो दलको नेतृत्व चयन पक्कै पनि चासोको विषय हो । त्यसैले पनि यतिबेला चितवनले मुलुकको ध्यान तानेको छ । अझ विभाजनको पीडा खेपेको एमालेको नेतृत्व कसरी चयन होला भन्नेले चितनव महाधिवेशन बढी चासोमा छ । यो त एमाले र मुलुकको राजनीतिक चासोको विषय भयो । तर यसबाहेक पनि महाधिवेशनको अर्थ छ । त्यो हो, चितवनलाई चिनाउने । एमालेको दावी अनुसार पाँच लाख नै जनसहभागिता नरहेपनि देशभरबाट आएका नागरिकले केही दिन चितवनमा बिताउने पक्का छ । उनीहरूको प्रमुख ध्यान त एमाले नेतृत्व चयनमै केन्द्रीत हुनेछ । सँगै चितवनबारे धेरथोर जानकारी पक्कै लिनेछ ।

चितवनको लागि यो ठूलो अवसर पनि हो । एउटा बाह्य जिल्लाका नागरिकले चितवन जान्ने र चितवनले बाह्य नागरिकलाई आकर्षित गर्ने । त्यसैपनि चितवनलाई मुलकको ७८औं जिल्ला भन्ने गरिएको छ । यसको कारण भने ७७ जिल्लाकै नागरिक चितवनमा भेट्न सकिन्छ । नागरिक विविधताबारे मात्रै नभएर चितवन पर्यटकीय रूपमा समेत उत्तिकै परिचित छ । अतः यो अधिवेशनले चितवनलाई अझ बृहत दृष्टिकोणले चिनाउन सक्छ । अझ विशेषगरी यो महाधिवेशन पछि यहाँका आदिवासी थारू समुदायको जीवन स्तर उकास्ने र राष्ट्रिय पहिचान स्थापित गर्न सहयोग पुग्न सक्छ । यसतर्फ आयोजक एमालेले समेत सोच्नु आवश्यक छ । किनकि यस्तै महाभेलाले उक्त स्थान र पहिचानको बिस्तार हुने गर्छ । त्यो अवसर चितवनका लागि मिल्न आवश्यक छ भने चितवनले पनि आफूलाई विस्तार गर्न जरूरी छ ।

# लोकतन्त्रका विकृतिहरु

'प्रजा मोटा भया दर्बार बलियो हुन्याछ', भन्ने राष्ट्र निर्मातालाई बिर्सिएको अवस्था छ । आज प्रजा दुब्लाएका छन्, नेता मात्रै मोटाएका छन् । हाम्रो लोकतन्त्रले गफ धेरै गरेको छ काम भने गरेन ।



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो लोकतन्त्रले 'प्रजा सुखे, सुखं राजा' भन्ने मान्यतालाई आत्मसात् गर्नै सकेन । यहाँ राजाको अर्थ हुन्छ राज्य र प्रजाको अर्थ हुन्छ, समस्त प्राणी, न मात्रै मानिस । जलवायुको परिवर्तन बारे संसारमा व्यापक बहस हुन्छ, प्राणी र प्रकृतिको माया नगरिएकाले जलवायुको समस्या निम्तिएको हो । दिनानुदिन मौसम बिग्रँदै छ, विकासको अवधारणा नै गलत भएको, प्रकृति दोहन बढेकाले यसो भएको हो । हाम्रो लोकतन्त्र लोभतन्त्रमा परिणत भएको छ, लोभै लोभले एकले अर्कालाई सिध्याउनतिर लागिएको अवस्था छ र त 'लोका समस्ता सुखिनो भवन्तू' भन्ने वैदिक अवधारणालाई बिर्सिएको छ । वैदिक र देव भूमि नेमालमा वैदिक विषय बिर्सनु भनेको आत्मघाती कदम हो । सही लोकतन्त्रले लोकमा रहेका सबैको सुख र समृद्धिको अपेक्षा गर्छ । उल्लेखित श्लोकको मूल मर्म पनि त्यही हो । राज्य भन्नु केवल भूमि मात्र होइन, माटो मात्र नभएर मुटु पनि हो । पश्चिमाको नुन खाएका कारण देशमा संकट थपिएको छ । दिल्ली र बेइजिंगमा प्रदूषण बढेको छ त्यसको मार यहाँ पर्ने नै भयो । दुवैले उन्नत विकास गरेका छन्, त्यसको प्रभाव भने यहाँ परेको छैन । ईसा पूर्व ४ सय तिर निर्माण भएको कौटिल्यको अर्थशास्त्रलाई मनन् गरिएको छैन ।

व्यापारघाटामा रहेको अर्थतन्त्रका लागि नागरिकहरुलाई खाडी पठाइएको छ, विदेशी ऋणको भारी बोकाइएको छ । जन्मदै ६० हजारको ऋण लिएर नेपाली जन्मने गरेको छ अहिले । पराधीन संस्कृति हुर्केको छ । सम्पूर्ण जीवात्माका मालिक पशुपतिनाथ सबैका नाथ, अनाथका पनि नाथलाई बिर्सिएको अवस्था छ, संसारकै एकमात्र हिन्दु देशलाई धर्म निरपेक्ष भनिएको छ । नेताजीहरु भाषण गर्दा यो क्षेत्रलाई धार्मिक पर्यटन क्षेत्र बनाउने भन्छन्, त्यसका लागि भरपूर सम्भावना पनि छ । स्वदेशमा यसो भन्छन्, पशुपतिमा सुनको जलहरी पनि राख्छन् तर, विदेशी नूनको प्रभावमा पहिलेदेखि भइरहेको हिन्दु राष्ट्र भन्न लजाउँछन् । भोट तान्ने प्रयासले अयोध्याको राम जन्मभूमि यही ठोरी हो भन्न बेर लाउँदैनन् । लोकतन्त्रले अध्यात्मलाई बिर्सेको छ, अध्यात्म बिनाको भौतिकता लंगडो हुन्छ भन्ने याद भएन । अध्यात्म हराउँदा इमान्दारिता, निष्ठा, नैतिकता हराउँछ र त अख्तियार अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनमा जो रक्षक उही भक्षक भएको शैलि उल्लेख छ । उजुरीका थानहरुको चाँग छ, सुशासनको अभाव औंल्याइएको छ, अर्को संवैधानिक निकाय महालेखाको प्रतिवेदनमा वेरुजुको चाँग बढी छ । देशमा खर्बौं रकम बेरुजु छ । स्वतन्त्र संवैधानिक अंगमा ढुंगा हानाहान छ, घाइते भएका छन्, अस्पताल भर्ना भएका छन्, लुकिलुकी कार्यस्थलमा प्रवेश गर्नुपर्ने अवस्था छ । मियो बिनाको दाइँ, नेतृत्वको जुँगे लडाइँले यस्तो भएको हो । सरकारी अंगहरुको समन्वयको अभाव, जताततै तछाड मछाडको अवस्थाले यसो भएको हो ।

कौटिल्यको अर्थशास्त्रमा राज्यशास्त्रको कुरा छ, राजपाठको कुरा छ, आयआर्जनको कुरा छ, खर्च स्रोत र खर्चका तौर तरिकाका कुरा छन्, घाँटी हेरी हाड निल्नु भन्ने कुरा छ । तर यहाँको लोकतन्त्रले गरिब नेपालीलाई करको भार बोकाएको छ, करको सदुपयोग भएको छैन । पेटभरि खान नसक्ने नेपालीसँग असुलेको करले राजनीतिकर्मीहरु चिल्लो गाडी चढ्छन्, महँगो इन्धनको बेपरवाह खर्च गर्छन् । मानिस बदलिन नपाई गाडी फेर्छन्, मर्मत सम्भार छैन, हरेक कार्यालय, निकायहरुमा पुराना भनिएका गाडीहरु थन्क्याएर राखिएको छ । कुनैबेला हाम्रो सीमाना कुमाउँ, गढवालसम्म थियो,अहिले भने भएको सीमानाको रक्षा हुन सकेको छैन ।

महाभारतको प्रसंग छ, कौरब सभामा विदुर बोल्न सकेनन्, द्रौपदीको चीर हरण हुँदा पाण्डवहरु बोल्न सकेनन्, कौरवको नूनमा परेका सबैले अन्यायमा बोल्न सकेनन् । हामीकहाँ अरुको नून परेको छ, यहाँ धेरै चेलीहरुको अस्मिता लुटिएको छ, निर्मलाले न्याय पाएको छैन, बलात्कार र हत्याका केसहरु बढेका छन् । १२ बुँदेले तयार पारेको लोकतन्त्र र संघीयताले देशमा धर्म हरायो, धान्न नसक्ने करको मारमा पार्‍यो, अनि पाल्नै नसकिनेगरी हजारौं हजार नेताहरुको भीड जम्मा गर्‍यो, त्यो भीडले कृषिमा क्रान्ति गर्न सकेको भए नेपालीहरुले खाडीमा भाँडा माझ्न जानु पर्दैनथ्यो, देश समृद्ध हुन्थ्यो । 'प्रजा मोटा भए, दरबार मोटा हुन्याछन्', भन्ने राष्ट्र निर्मातालाई बिर्सिएको अवस्था छ । आज प्रजा दुब्लाएका छन्, नेता मात्रै मोटाएका छन् । हाम्रो लोकतन्त्रले गफ धेरै गरेको छ काम भने गरेन ।

> यहाँको लोकतन्त्रले गरिब नेपालीलाई करको भार बोकाएको छ, करको सदुपयोग भएको छैन । पेटभरि खान नसक्ने नेपालीसँग असुलेको करले राजनीतिकर्मीहरु चिल्लो गाडी चढ्छन्, महँगो इन्धनको बेपरवाह खर्च गर्छन् ।

हरेक वर्ष मार्ग महिनाको ५ गते अविस्मरणीय दिन बनेको छ, हाम्रा लागि । लोकतन्त्रका सम्बाहकहरु मिलेर बालुवाटारमा बृहत् शान्ति सम्झौता गरेको दिन । देशमा भएको सशस्त्र द्वन्द अन्त्य भएको दिन, १० वर्षे युद्धलाई विश्राम गरिएको दिन । १५ वर्ष पूरा हुँदा पनि यस दिनले प्रतिबद्ध गरेको वचा भने पूरा गरेको छैन । सम्झँदा कहाली लाग्छ, त्यसपछिका दिनमा पनि तराई क्षेत्रमा रगतको आहाल कम भएन । यहाँसम्म कि लोकतन्त्रको संस्थागत गर्न ल्याइएको ०७२ को संविधान घोषणा हुनासाथ भारतीय नाकाबन्दी, महिनौंसम्म देशबासीको चूलो नजलेको क्षण, अन्धकार युगको छट्पटी जो कोहीले बिर्सन सक्ने अवस्थाको छैन । ०४६ सालको जनआन्दोलनबाट प्राप्त ०४७ सालको संविधानलाई संसारकै उत्कृष्ठ भनिएको थियो, जसको तयारीमा लगभग ६ महिनाको समय तर, ७२ को संविधानभन्दा निकै कम समय र कम रकममा तयार भएको थियो । उत्कृष्ठ भनिएको यो संविधानविरुद्ध ०५२ सालदेखि देशमा सशस्त्र द्वन्द चलेको थियो । बुद्धको देश नेपालमा भएका यस्ता काला बादलहरुले रगतको वर्षा मात्र गराएन् नेपाली आमाको अस्मिता लुटिएको थियो । बलात्कार, हिँसा, बन्द, तोडफोड भएभरका सबै घटना घटे । सरकार र बिद्रोहीपक्षबाट १७ हजार बढीले ज्यान गुमाए भने खर्बौ बराबरको पूर्वाधारको क्षति भएको थियो । प्रशासनका जिल्ला कमाण्डर प्रजिअ, प्रहरी, सेनाबल सबैले हार खाएको अवस्था थियो भने सरकारी भवनहरु पूरै ध्वस्त पारिएको अवस्था थियो । टेलिफोन टावर, बिजुली, पुल, सडक, सवारीको व्यापक तोडफोड भएको थियो । शिक्षक कुटिएका, कर्मचारी अपहरण, अकाल मृत्यु, काज किरिया गर्दै रहेकालाई अपहरण गर्ने, गाईको मासु खुवाउने, शालिक तोड्ने, सम्पति नोक्सान, बैंकहरु लुटिने,युवाहरुलाई जंगल लैजाने, युद्धमा शरिक गराउने अनेकौं चर्तिकला भएको थियो । अन्त्यमा दिल्लीमा १२ बुँदे सम्झौता गर्दै भएको शान्ति सम्झौतापछि आएको अन्तरिम संविधान र हालको संविधानअनुसार ती शक्तिहरुले धेरै पटक शासन गरे तर, पीडितको घाउमा मलम लागेको छैन ।


सत्य निरुपण तथा मेलमिलाप आयोगका चर्चा हुँदै गर्दा, बेपत्ताहरुको छानबिन आयोगको प्रसंग चल्दै गर्दा सबै विषय पुराना हुँदै गएका छन् । सग्लाहरु कति खाडीमा पाखा लागेका छन् । अहिले, सहिद परिवारहरुको चूलो जल्न समस्या छ, कानुनी राज्यको परिकल्पना नाम मात्रको छ । गंगामायाहरुले अझै न्याय पाएका छैनन् । शान्ति प्रक्रिया अधुरो छ, पीडितले न्याय नपाउँदा तिनका आँसुले देशलाई पिरोलिरहेको छ । यता राजनीतिकर्मीहरुले राज्यलाई नै आफ्नो बक्यौता सम्झेका छन् । राजनीति उद्योगको रुपमा फस्टाएको छ र चिल्ला गाडी, विदेशमा उपचार, आफू र आफ्ना परिवार, नाता, गोतालाई पदहरुको बाँडफाँड भइरहेको छ । शून्य उत्पादन, घरजग्गाको कर, सम्पति कर, भन्सार कर, विदेशी ऋण, विलासी जीवन, उच्च व्यापार घाटा, परराष्ट्र सम्बन्धमा असन्तुलन, सीमाको असुरक्षा, नेताको मात्र रक्षा, शैक्षिक, स्वास्थ्यक्षेत्र बिचौलियाको हातमा अनेकानेक विकृतिहरु भित्रिएका छन् । बोल्न पाउने अधिकारको रक्षा भएको भनिएको छ लोकतन्त्रमा तर बोलेर पेटको भोक हराउने होइन, काम गर्ने वातावरण छैन, बेरोजगारी बढ्दा समाजमा दूर्व्यसनीहरुको संख्या बढेको छ । हत्या, हिँसा, चोरी, लूटपाट, अपराधीहरुको मोलमोलाइ, प्रमुख ३ अँग मध्ये व्यवस्थापिकाको असमयमा अवशान, कार्यपलिकाको अध्यादेश शैली, न्यापालिकामा ढुंगा हानाहान, देशैभरि न्यायिक क्षेत्रसमेत अस्तव्यस्त रहेको अवस्था छ । हाम्रो लोकतान्त्रिक संविधानले सरकारी अंगहरुमा समन्वय गर्न सकेको छैन भने संविधानमा देखाइएका मौलिकहकहरुको कार्यान्वयन गराउन सकेको छैन । दर्जनौं मौलिकहकहरु छन्, गाँस, बास, कपास, रोजगारी, स्वास्थ्य, सुरक्षा, स्वच्छ वातावरण जस्ता आदर्शहरु कागजमा सिमित भएका छन् । पीडित, निमुखाहरुलाई न्याय नदिएकै अवस्थामा छ अहिलेको लोकतन्त्र ।

## सामाजिक सञ्जाल




\- कमल पौडेल

दुई तिहाईको सरकार, प्रदेश, पार्टी र सांसद जोगाउन नसक्नेले कार्यकर्ता जोगाउलान् ? प्यानल बनाउन नपाउने कुन व्यक्ति उठेको छ, प्रचार गर्न नपाउने महाधिवेशन किन गर्नुपर्‍यो ? सिधै केपी बालाई सर्वसमितिले अध्यक्षतामा चयन गरे भो नि !



\- केशव पौडेल

युवाहरूका विचारलाई समेट्ने र समस्याहरूलाई सम्बोधन गर्ने, हाम्रालाई होइन राम्रालाई प्राथमिकता दिने, गुट बाहिर निस्केर फ्रेस रक्तप्रवाह गर्न सक्ने, नैतिकता र इमान्दारीता देखाएर नेता बनेका, जनतालाई सर्वेसर्वा ठानेर नेतृत्व तहमा आउन चाहने स्वस्थ र सन्तुलित छबि भएको नेतृत्वलाई चयन गरौं ।




\- रोविन केसी

पुरा कार्यकाल चलाउन नपाउँदै बालुवाटारबाट बार्दली पुऱ्याइएको कारण देशमा समृद्धि नआएको, काटिसकेको पानीजहाजको टिकट काम नलागेको, प्रचण्डको कारण देशमा स्थायित्व कायम नभएको, चुच्चे रेलको सट्टा चुच्चे नक्शाले छिमेकी रिसाएको भन्ने 'बा' को बुजाई रहेछ ।



\- राधाकृष्ण कटवाल

बाबुको नाममा राजनीति गर्ने कांग्रेसका दुई नेताले सभापतिमा उम्मेदवारी दिने घोषणा गरेका छन । उनीहरूको व्यक्तिगत योगदान न देशलाई छ, न पार्टीलाई । तर पनि सभापतिको दाबेदार गरिरहेका छन । सायद प्रचारका सभापति होलान् ।



\- नवराज पन्त

घर-जग्गाको मूल्य बढ्दा घर भाडा बढेन भने राष्ट्र टाट पल्टिन सक्छ ! केही वर्ष अगाडीसम्म केही लाख रूपैयाँमा सम्पन्न हुने महाधिवेसनको खर्च अहिले करोडमा गन्ती हुन थाल्यो, भोलि अर्ब हान्न सक्छ । यसको अर्थ सयौं गुणा खर्च बढ्यो तर, त्यसको अनुपातमा जनताको प्रतिव्यक्ति आय बढेको छैन ! बुझ्ने को खोइ ?

## टिप्पणी

● सन्दिप पनेरू



# युवा पुस्ताले सोच्नैपर्छ

मुलुकमा सबैजसो राजनीतिक दलहरुका महाधिवेशनहरु हुँदैछन् । मुलुकुको ठूलो दल एमालेको महाधिवेशन शुरु हुँदै गर्दा अर्को ठूलो दल नेपाली कांग्रेस पनि महाधिवेशनको अन्तिम तयारीमा छ । यता माओवादी केन्द्र र राप्रपा पनि महाधिवेशनका तयारीमा छन् । कतिपय साना दलले पनि आफुँलाई ताजा बनाउने तयारी गरिरहेका छन् ।

महाधिवेशन शब्दले नै नयाँ विचार र नेतृत्वको प्रतिनिधित्व गर्दछ । तर, मुख्यतः एमाले, कांग्रेस र माओवादीभित्रको तयारीलाई हेर्दा क्रमिकता वा निरन्तरताबाहेक केही देखिन्न । बरु यी पार्टीभित्र भ्रष्ट र दलाली प्रवृत्तिहरु महाधिवेशनबाट संस्थागत हुँदै गएको देखिन्छ । नयाँ पुस्ता होइन् पुरानो पुस्ता संस्थागत हुँदै गएको देखिन्छ । पार्टीहरु नामका मात्रै अपडेट हुँदै गएको अनुभव हुन्छ ।

> महाधिवेशन शब्दले नै नयाँ विचार र नेतृत्वको प्रतिनिधित्व गर्दछ । तर, मुख्यतः एमाले, कांग्रेस र माओवादीभित्रको तयारीलाई हेर्दा क्रमिकता वा निरन्तरताबाहेक केही देखिन्न । बरु यी पार्टीभित्र भ्रष्ट र दलाली प्रवृतिहरु महाधिवेशनबाट संस्थागत हुँदै गएको देखिन्छ । नयाँ पुस्ता होइन पुरानो पुस्ता थप मजबुद हुँदै गएको आभास हुन्छ ।

एमाले महाधिवेशनको मुखैमा पुग्दासमेत को कुन पदमा उम्मेदवार हुन्छन् भन्ने स्पष्ट भएन । अर्कोतर्फ नयाँ विचारको विषय नै आएन । सबैले लाचार शैलीमा हालका पार्टी अध्यक्ष केपी शर्मा ओलीको मात्रै मुख ताकेर बस्ने अवस्था बन्यो ।

यता नेपाली कांग्रेसमा पनि जबरजस्त पार्टी सभापति शेरबहादुर देउवा नै बलियो हुँदै आएका छन् । लामो समयदेखि असफल नेतृत्वको पहिचान बनाएका देउवा किन यसरी बलियो बन्दैछन्, विषय रोचक छ । वडा, गाउँ र महाधिवेशन प्रतिनिधि चयनका चुनावहरुमा देउवाको उपस्थिति जबरजस्त नै देखिन्छ । कांग्रेसमा पनि नयाँ विचार र नेतृत्वका विषयमा गतिलोसँग चर्चा हुन सकेको छैन् ।

यता, माओवादीमा दशकौंदेखि नेतृत्वमा रहेका पुष्पकमल दाहाल 'प्रचण्ड' फेरी नेतृत्वमा नै दोहोरीने निश्चित छ । उनको लामो असफलताको सूची उनका विरुद्ध प्रश्न बनेर उठ्न सकेको छैन । बरु नेतृत्वलाई अझै साथ दिनुपर्ने जबरजस्त बुझाई माओवादीभित्र मौलाउँदै गएको छ । माओवादीभित्र प्रचण्डको विकल्प खोजिनु 'प्रतिगामी' सोंच हो भन्नेसम्म टिप्पणी हुन थालेको देखिन्छ ।

दरिलो बनेको यस्तो प्रवृत्ति अझै पनि केही समय रहने निश्चित छ । अझैपनि नयाँ विचार र नेतृत्वको विकास हुने देखिन्न । यसले के स्पष्ट पार्छ भने, युवा वर्ग स्टेचरमा लडेको पुस्तालाई टेको अड्याएरै भए पनि थाम्न चाहन्छ । उ यतिसम्म संकुचित भएको छ कि स्टेचरमा सुतेको व्यक्ति उठेन भने सबै सकिन्छ ।

# युवती र सौन्दर्यबीचको सामीप्यता



● गीता शाह

> सौन्दर्यप्रति चासो राख्नु महिलाको प्राकृतिक गुण हो । त्यसैले संसारभरका महिलाले सौन्दर्यलाई विशेष रूपमा चासो दिन्छन् । तर अनुसन्धानले श्रृङ्गारपटारमा विशेष रूपमा ध्यान दिने महिला एसियाली मुलुकका बढी हुने गरेको देखाएको छ । त्यसमा पनि सबैभन्दा बढी दक्षिण एसियाली महिलाले बढी चासो दिने गरेका पाइन्छ ।

महिला र सौन्दर्य एक अर्काका परिपूरक हुन् । चाहे त्यो प्राकृतिक रूपले, मनोवैज्ञानिक रूपले वा हार्मोनको कारण नै किन नहोस् । त्यसैले जहाँ महिला हुन्छन्, त्यहाँ सौन्दर्यको चर्चा स्वाभाविक रूपले हुने गर्छ । सुन्दरता प्रकृतिसँग जोडिएको विषय पनि हो । सौन्दर्यसँग जोडिएकै कारण 'प्रकृति'लाई स्त्रीलिङ्गी शब्द मानिन्छ । प्रकृतिले जसरी विविधखाले सौन्दर्य प्रदान गरेको हुन्छ- महिलाले पनि आफ्नो सौन्दर्यलाई त्यसैगरी विविधतामा पस्कन खोज्छन् । त्यसैले महिलाले सौन्दर्यबारे राख्ने चासो प्राकृतिक देन पनि हो ।

उसो त सौन्दर्यप्रति सबैभन्दा लालयित हुने महिलाको उमेर 'टिनएज' हो । त्यसबेला उनीहरुले आफ्नो फिगरलाई कसरी आकर्षक बनाउने, कसरी आफूलाई अरुभन्दा राम्री देखाउने, कुन लुगा लगाउने, कस्तो रंगको लुगाले चिटिक्क देखाउँछ, अनुहारमा के लगाउने, हेयरस्टाइल कस्तो बनाउने, जुत्ता कस्तो लगाउने आदि भन्नेबारे निकै सोच्ने गर्छन् । त्यसैले सो उमेरका युवती आफ्नो सौन्दर्यप्रति सधैं सोचमग्न हुने गर्छन् ।

वैज्ञानिकहरुले टिनएजमा विकास हुने एक खालको हर्मोनको कारण केटीहरुमा सौन्दर्यप्रति चासो बढ्ने गरेको बताएका छन् । सौन्दर्य मात्रै होइन- त्यससम्बद्ध सपिङ गर्न पनि टिनएजर नै अघि हुन्छन् । बरु खाने कुरा चाहिँदैन, टिनएजका केटीले सो पैसाले आफ्नो सौन्दर्य बढाउने सामान किन्न चाहन्छन् । त्यसैले टिनएजलाई 'सपिङमेनिया' पनि भन्ने गरिन्छ । टिनएज यस्तो एज हो- अरुले राम्रो मानोस् या नमानोस् अरुको नजरमा आकर्षित बन्नका लागि उनीहरुले मन लागेको फेसन गर्न चाहन्छन् ।

टिनएज मात्रै होइन- बच्चादेखि नै केटीहरु सौन्दर्यप्रति बढी चासो दिने गर्छन् । टुकुटुकु हिँड्न थालेदेखि नै आफ्नो आमाका श्रृंगारका सामान खोज्ने, चलाउने र प्रयोग गर्ने स्वभावका हुन्छन् । अधिकांश नेपाली महिलाले रातो कपडा मन पराउने गरेको पाइन्छ । सहरमा मात्रै होइन- हामीकहाँ ग्रामीण क्षेत्रकै महिला भए पनि पूजापाठ र पर्वमा महिलाहरु विशेष रूपमा राम्री बन्नुपर्छ । जे/जस्तो श्रृंगार सामग्री छन्-ती सबै प्रयोग गर्नुपर्छ । त्यसो गरिएन भने कस्ती आइमाई रहिछ भन्ने चलन छ । ग्रामीण क्षेत्रमा चाडपर्वका बेलामा गहना सिंगारपटारमा ध्यान दिइएन भने आफ्नो दौतरी संगीसाथीमात्रै होइन- आफ्नै श्रीमान् र सासूससुराले समेत मन नपराउने गरेको तीतो यथार्थ छ । विशेषगरी हिन्दू संस्कृतिमा चाडबाड वा खुसीयालीका बेला, मन्दिर जाँदा तथा पूजापाठ गर्दा महिलाहरु विशेष रूपमा सिंगारिएको देखिन्छ । यो हाम्रो संस्कृतिले उब्जाएको एउटा रूप हो ।



सौन्दर्यप्रति चासो राख्नु महिलाको प्राकृतिक गुण हो । त्यसैले संसारभरका महिलाले सौन्दर्यलाई विशेष रूपमा चासो दिन्छन् । तर अनुसन्धानले श्रृङ्गारपटारमा विशेष रूपमा ध्यान दिने महिला एसियाली मुलुकका बढी हुने गरेको देखाएको छ । त्यसमा पनि सबैभन्दा बढी दक्षिण एसियाली महिलाले बढी चासो दिने गरेका पाइन्छ । यहाँका महिलाले बढी गहना लगाउने गर्छन् । धार्मिक र सांस्कृतिक चलनले पनि यहाँका महिला बढी सौन्दर्यका सोखिन देखिन्छन् ।

पाकिस्तानी महिला बुर्काले मुख छोपेर हिँड्छन् तर त्यहाँको सौन्दर्य सेनास कस्मेटिक संसारभर प्रख्यात छ । उनीहरु बुर्काले शरीरका सबै भाग छोपे पनि गहना तथा सौन्दर्य सामग्री धेरै प्रयोग गर्छन् । आत्मसन्तुष्टिका लागि त्यसो गरेको उनीहरु बताउँछन् । हिन्दू, बौद्ध, इसाइ, मुस्लिम धर्म मान्ने महिलामध्ये हिन्दू धर्मका महिला बढी सौन्दर्यप्रति लालयित हुने गर्छन् ।

हिन्दू देवीदेवताका तस्बिरमा पनि सरस्वती, लक्ष्मी, दुर्गाजस्ता देवीका तस्बिर पनि निकै सुन्दर देखिन्छन् । गहनामा प्रस्तुत गरिएका त्यस्ता तस्बिरले देवीहरु पनि सौन्दर्यका सौखिन रहेछन् भन्ने देखाउँछ । त्यसैको प्रभाव हुन सक्छ- हिन्दू नारीहरु चाडपर्वका बेलामा सिङ्गारपटारका साथ मन्दिर र आफन्तकहाँ जाने गर्छन् । विशेषगरी हिन्दूहरुले गहनाले आफ्नो शरीर सजाउने, लुगा पनि त्यस्तैगरी लगाउने गर्छन् । त्यस्तो सिंगार अरु धर्मका महिलाको पाइँदैन ।

***(लेखक शाह मेकअप आर्टिस्ट तथा प्रशिक्षक हुन् ।)***

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुरु

रूकुम डायरी
अर्जुन बिष्ट/मध्यान्ह




लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान बिहीबारदेखि रुकुम पश्चिममा पनि शुरु भएको छ। 'घरैबाट सुरू गरौँ, महिला हिंसा अन्त्य गरौँ' भन्ने नाराका साथ यो बर्षको लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान शुरु गरिएको हो ।

हरेक वर्ष नोभेम्बर २५ तारिखदेखि डिसेम्बर १० तारिखसम्म विश्वभर मनाइने यो दिवस रुकुम पश्चिममा पनि बिभिन्न कार्यक्रम गर्ने गरी उद्घाटन गरीएको छ ।

'घरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं' लेखिएको ब्यानर सहित लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता,ब्यक्ति समाज र सबैको ऐक्यबद्धता, लैंगिक हिंसा कानुनी अपराध हो,लिङ्गको आधारमा हुने विभेद अन्त्य गरौं लगायत नाराहरु लेखिएको पर्चा सहित बिहीबार जिल्ला सदरमुकाम मुसिकोटमा र्याली निकालिएको थियो ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत विभिन्न जनचेतनामूलक कार्यक्रमहरु गरिने अन्तर पाटी महिला सञ्जाल जिल्ला सचिव ब्युँझना पुन देवकोटाले मध्यान्हलाई जानकारी दिइन् ।

'हिंसामा परेकाहरुलाई मनोसामाजिक परामर्श दिने, विभिन्न क्षेत्रका अधिकारकर्मीहरुसँग अन्तरक्रिया, समीक्षाजस्ता कार्यक्रम गरी महिलामाथि हुने विभेद अन्त्य गर्न हामीले नगरपालिकाको १४ वटा वडाको सबैलाई पायक पर्नेगरी ९ स्थानमा जनचेतनामूलक कार्यक्रम गर्छौं', देवकोटाले भनिन् ।

उनका अनुसार जिल्लामा लैङ्गिक हिंसाका घटनाहरु बढ्दै गएको अवस्था छ । महिलाको तुलनामा पुरुषका घटनाहरु १० प्रतिशत मात्रै आउने गरेको देवकोटाले जानकारी दिइन् ।अन्तरपाटी महिला सञ्जाल, महिला मानवअधिकार र प्रहरी प्रशासनमा आउने लैङ्गिक हिंसाका घटनामा उजुरीहरु ९० प्रतिशत महिलाहरुको भएको उनको भनाइ छ । उनी भन्छिन्, 'विभेद अन्त्य गर्न र १६ दिने अभियानको उद्देश्य पुरा गर्नको लागि सबै आ-आफ्नो ठाँउबाट एकजुट भएर लाग्नुपर्ने समय आएको छ।'

मुसिकोट नगरपालिकाको आयोजनामा शुरु भएको उक्त कार्यक्रम, जिल्लाका संघसंस्था र सम्बन्धित सरोकारवाला निकायसंग सहकार्य गर्दै जनचेतनामूलक कार्यक्रम गरि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सम्पन्न गर्ने बताइएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान जिल्ला प्रहरी कार्यालय, हरप्लेस, ओरेक नेपाल, ईन्सेक, अन्तर पार्टी महिला सञ्जाललगायतका अन्य संघसंस्थाहरुले सहयोगमा गरिएको बताइएको छ । कार्यक्रममा जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख, संघसंस्था, मानवअधिकारकर्मी, महिला अधिकर्मिहरुको सहभागिता रहेको थियो।

महिला तथा बालिकाहरुको मानव अधिकारको संरक्षण गर्न, उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने हक अधिकार सुनिश्चित गर्न तथा विकासको समान साझेदारको रुपमा स्थापित गरी लैंगिक समानता कायम गर्न नेपालमा २०५४ सालदेखि यस अवधिमा लैंगिक हिंसाविरुद्धमा विविध सचेतनामूलक कार्यक्रम गरी अभियान मनाउने गरिएको छ ।

## कांग्रेस रुकुम पश्चिमको सभापतिमा ओली

रुकुम पश्चिम कांग्रेसको जिल्ला सभापतिमा प्रेम प्रकाश ओली सर्वसम्मत निर्वाचित भएका छन् । नेपाली कांग्रेस रुकुम पश्चिमको सातौ जिल्ला अधिवेशनबाट ओली सर्वसम्मत रुपमा सभापतिमा निर्वाचित भएका हुन् । गत सोमबार शुरु भएको सातौं जिल्ला अधिवेशनबाट ओलीसहित अन्य पदाधिकारी तथा कार्य समितिका सबै सदस्य सर्वसम्मत चयन भएको कांग्रेस रुकुम पश्चिमले जनाएको छ ।

सहमतिबाटै नेतृत्व चयन गर्नुपर्ने भएकोले सहमतिको लागि एक कार्यदल समेत बनाइएको थियो । उक्त कार्यदलले नवनिर्वाचित पदाअधिकारीको सहमति पत्र निर्वाचन समितीलाई बुझाएको छ । सोमबार उद्घाटन भएको अधिवेशनले बुधबार राति मात्रै पुर्णता पाएको हो ।

त्यस्तै उपसभापतिमा सुरजजंग मल्ल, हर्कसिङ खत्री, सचिवमा तारकबहादुर शाही,परमेश्वर भण्डारी, सह सचिवमा प्रेम खड्का र यज्ञबहादुर विष्ट सर्वसम्मत चयन भएका हुन् ।

कोषाध्यक्ष भने जिल्ला कार्य समितिले मनोनित गर्ने व्यवस्था छ । बुधबार रार्ता सर्वसम्मत सहमतिबाट कार्यसमिति सार्वजनिक भएको हो ।

साउदीमा रोजगार | कम्पनी: HUSSAIN ALLUBBAD & PARTNED COMPANY शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०८/०८ चलानी नं.: ६०१६८६६७ LT. No.: 250372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 1200 | ३७,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १९ गते (5 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लु बर्ड ओभरसिज प्रा. लि. License No.: 308/059/060
कालोपुल-३३, काठमाडौं, फोन : ४४३६८०२, ४४३८६०९, मो. : ९८०२०५०५७१
E-mail : info@bluebirdoverseas.com, www.bluebirdoverseas.com

**Bhajani Municipality**
**Office of Municipal Executive**
**Bhajani,Kailali.**
**Sudurpaschim Province,Nepal**

## Invitation for Bids for the Construction of Mohanyal Secondary School Building in Bhajani Municipality.

**Date of publication: 26th November, 2021**

1. The Bhajani Municipality has allocated funds towards the cost of **Construction of Mohanyal Secondary School Building in Bhajani Municipality** and intends to apply part of the funds to cover eligible payments under the Contract for the **Construction of Mohanyal Secondary School Building in Bhajani Municipality,contract nos:NCB/BM/BLDG/1/2078/079**. Bidding is open to all eligible Nepalese bidders.
2. Bhajani Muncipality invites electronic bids from eligible bidders for the **construction of Mohanyal Secondary School Building in Bhajani Municipality** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **Nrs.3,26,83,800.00**
   - Minimum Work experience of similar size and nature: **1(one) project value of atleast NRs.2,95,00,000.00**
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhajani Municipality, Office of the municipal executive,bhajani 01,kailali.091580201,bhajanimun073@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder must submit their bid electronically and should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee of **NRs.5000** bidding document in the Project's Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document and Bid Security in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank
   Name of Office : Bhajani Municipality,Office of municipal executive
   Office Code no. : 801077706
   Office Account no.**4150100301010002 (for Bid document fee)**
   Office Account no.**4150400303000002 (for Bid security fee)**
6. Pre-bid meeting shall be held at Bhajani Municipality Office, Bhajani 01,kailali at **15th December 2021,12pm**.Last date for Purchasing of bid document is **26th december 2021, 4PM.**
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12 PM on 27th december, 2021**. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **27th december.2021,1 PM** at the office of Bhajani Municipality. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **9,22,110.00** [**Nine Laks Twentytwo thousand one hundred ten rupees only**], which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employee reserve the right to accept or reject,wholly or partly any of all the bids without assignung any reason,whatsoever.

**Chief Administrative Officer**

कतारमा रोजगार | कम्पनी: QATAR & MIDDLE EAST TRADING Co.W.L.L शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६८६९१ L.T. No.: 251901

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 4 | 0 | | 1100 | ३५,८७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AL JAZEERA OVERSEAS PVT. LTD. Govt. Lic. No. 1343/074/075
Samakhusi, Kathmandu, Nepal, Tel: 4352379, 4390605, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

साउदीमा रोजगार | कम्पनी: BUILDINGS CORNER GENERAL CONTRACTING EST. शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/०८ चलानी नं.: ६०१६८६५५ LT. No.: 251825

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Almighty International Manpower Services Pvt.ltd. Govt. Lic. No. 1440/074/075
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com

साउदीमा रोजगार | कम्पनी : CRESCENT EAST BUSINESS EST शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७८/०१/१५ चलानी नं.: ६०१६८६८७ LT. No.: 240021

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

A.S. International Group Pvt. ltd. Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu, Nepal, Tel: 01-4020181/4020182
Email- asintldemand@gmail.com

Qatar मा रोजगारको अवसर | १. कम्पनी: HENZA RESTAURANT शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०८/०८ चलानी नं.: ६०१६८५४६ L.T. No.: 251669

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 0 | स. काममा दक्ष | 1400 | ४५,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१. कम्पनी: THREE GORGES PROJECT CONSTRUCTION & DEVELOPMENT COMPANY OF CHINA शहर: QATAR
पुर्व स्वीकृत मितिः २०७७/१०/१८ चलानी नं.: ६०१५४३३० L.T. No.: 235292 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Maker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plaster Worker | 2 | 0 | | 1200 | ३९,१३२ | | | | | | | |
| 3. | Building Worker | 6 | 0 | | 900 | २८,४८५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर १७ गते (3 Dec. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु.१०,०००/- क.नं. २ नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अल- सहेली म्यानपावर प्रा. लि. श्रम इजाजत पत्र नं.: ८९३/०६७/०६८
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com

UAE मा रोजगार | 1.Company: QUAD DREAM SCAFFOLDING CONTRACTING LLC City : DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६८६७५ LT. No.: 251737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 30 | 0 | स. काममा दक्ष | 1000 | ३२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

2.Company: PACT EMPLOYMENT SERVICES City : DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०८/०९ चलानी नं.: ६०१६८६७४ LT. No.: 251897

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Assistant | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Boy | 10 | 0 | | 1000 | ३२,३३० | | | | | | | |
| 3. | Helpers | 50 | 0 | | 850 | २७,४८० | | | | | | | |

अन्तर्वार्ता शिभम् ट्रेनिङ सेन्टर, दुर्गा चोक जनकपुरमा २०७८ मंसिर १७ गते (3 December 2021) मा हुनेछ ।
विर्तामोड, इटहरीमा २०७८ मंसिर १८ गते (4 December 2021) मा हुनेछ ।
मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर १५ गते (5 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Bhandari Overseas Pvt. Ltd. श्रम इजाजत नं. ३४५/०५९/०६०
Shantinagar-31, Fourth Floor, Bhandari Tower, Kathmandu
पो.ब.नं. १९६४१, फोनः ४६२२३१५, ४६२२३४८,
Email: info@bhandarioverseas.com.np, md@bhandarioverseas.com.np | Website: bhandarioverseas.com
Mobile: 9801145225, 9841444585, 9801079480, 9851160304, Janakpur: 9817616006

कांग्रेस महाधिवेशन

# सुनसरीमा भाडभैलो, निर्वाचन स्थगित


सुनसरी डायरी
तेज बहादुर बन/मध्यान्ह

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत सुनसरी क्षेत्र नं ३ मा बिहीबार हुने भनिएको निर्वाचन अनिश्चितकालको लागि स्थगित भएको छ । कांग्रेसका उपसभापति तथा पूर्व उपप्रधानमन्त्री समेत रहेका बिजयकुमार गच्छदारको बलियो पकड मानिएको सुनसरी क्षेत्र नं ३ मा गत बुधबार देखि नै निर्वाचनको तयारी चलेको थियो ।

सहमतिबाटै नेतृत्व चयन गने भनि छलफल चलाएपनि चरम गुटबन्दिका कारण निर्वाचनमै जाने एक पक्षले अडान लिएपछि क्षेत्र नं ३ मा विवाद चर्किदै आएको छ ।

निर्वाचनको प्रक्रियाबाटै नेतृत्व चयन गर्ने भनि भेला भएका कार्यकर्ताहरू विवादकै कारण तीन दिन देखि घाम तापेर फर्किन बाध्य भएका छन् । निर्वाचन प्रक्रियामा संस्थापन पक्षका उपसभापति बिजय कुमार गच्छदार बाधक बनिरहेको कांग्रेस कार्यकर्ताहरूको भनाइ छ ।

दुहबीस्थित रंगशालामा भेला भएका कांग्रेसका कार्यकर्ताहरूले निर्वाचन हुनुपर्ने माग राख्दै नारवाजी समेत गरेका थिए । सहमतिको आधारमा ल्याइने नेतृत्व आफुहरूलाई मान्य नहुने भन्दै कार्यकर्ताहरूले मैदानमै बिजय कुमार गच्छदार र निर्वाचन अधिकृतविरूद्ध नारावाजी गरेका थिए । सयौंको संख्यामा भेला भएका कांग्रेसका कार्यकर्ताहरूले आफ्नै नेता बिजयकुमार गच्छदारलाइ पार्टीभित्रकै अयोग्य भन्दै नारावाजी गरेका थिए । विवादको विषयमा बुज्न पुगेका प्रतिनिधिसभा सदस्य सिताराम मेहताले नेतृत्व चयन गने विषयमा गुटबन्दी हुनै पार्टीकैलागि घातक भएको गुनासो पोखेका थिए । सहमति या निर्वाचन प्रकृयाबाट नेतृत्व चयन भइसक्नुपर्नेमा अहिलेसम्म विवादमै अल्झनुले पार्टीको शिर झुकेको उनले दुखेसो पोखे ।

